नरैनापुर गाँउपालिकाका अध्यक्ष इस्तियाक अहमद शाह ज्यूले नरैनापुर गाँउपालिका गाँउसभाको १८ औं अधिवेशनमा पेश गर्नुभएको

# आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

नरैनापुर गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय ,
नरैनापुर बाँके

नरैनापुर गाउपालिकाको गाँउसभाका उपाध्यक्ष ज्यू ,

गाँउसभाका सदस्य ज्यूहरु
उपस्थित सम्पूर्ण आम, बुवा, दाजु भाइ तथा दिदीबहिनीहरु ।

नेपालको संविधान २०७२ जारी भइ देश एकात्मक र केन्द्रिकृत शासन व्यवस्था बाट संघीय शासन व्यवस्थामा रुपान्तरण भएपछी जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तह स्थापना भइ आफ्नो दोश्रो कार्यकालको तेस्रो बर्षमा प्रवेश गरेका छौ । यो महत्वपूर्ण राजनीतिक परिवर्तनमा योगदान गर्नुहुने सम्पूर्ण सहिद प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु । घाइते योद्धा , बेपता पारिएका व्यक्ति तथा तीनका परिवारजन प्रति उच्च सम्मान प्रकट गर्दछु । यस गाँउसभाको पहिलो कार्यकाल देखि नै हालसम्म लगातार अध्यक्षता गर्न पाउदा र चालू आ.व. को नीति तथा कार्यक्रम सम्मानीत सभामा पेश गर्न पाउदा गर्व महसुस गरेको छु ।
सभाका सदस्य ज्यूहरु,
नरैनापुर गाँउपालिका स्थापना भएदेखि हाल सम्म नरैनापुर गाँउपालिको आर्थिक सामाजिक विकासमा महत्वपुर्ण परिवर्तन भएको छ । राष्ट्रिय राजमार्गको पहुँच स्थापना , केन्द्रिय प्रसारण लाइन मार्फत जलविधुतको विकास एवं विस्तार , स्वास्थ्यमा आम नागरिकको पहुँच स्थापना , शैक्षिक क्षेत्रको विकासमा भएको प्रगति सन्तोषजनक र गर्व गर्न लायक रहेको कुरा निवेदन गर्न चाहन्छु । गाँउपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम मार्फत आर्थिक तथा सामाजिक रुपान्तरण, सामाजिक न्याय तथा समावेशीकरण , भौतिक पूर्वाधारको विकास गर्ने नीति लिएका छौ । नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात नरैनापुरको समृद्धिमा थप टेवा पुग्ने अपेक्षा गरेको छु ।

सभाका सदस्य ज्यूहरु ,
नरैनापुर गाँउपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान ,संघीय सरकारको चालु आवधिक योजना , दिगो विकासको लक्ष्य , संघीय सरकारको नीति तथा कार्यक्रम ,लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बस्तिस्तर बाट प्राप्त माग, सुझाव तथा विभिन्न सरोकारवाला निकायको राय एवं सुझावलाइ मार्गदर्शनको रुपमा लिएको छु । अब म विषयगत क्षेत्रहरुको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**(क) सामाजिक विकास**

**(१) शिक्षा, युवा तथा खेलकुद शाखा**

- नरैनापुर गाँउपालिका अन्तरगतका सबै सामुदायिक विद्यालयमा विद्युत तथा इन्टरनेट सेवाको जडान गरिनेछ । विद्यालयमा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ गर्न सक्ने वातावरण बनाउन सोहिअनुरुप भौतिक पूर्वाधार निर्माण, विद्युतीकरण, तथा ICT मा पहुँच र प्रयोग सुनिश्चितता गर्न आवश्यक सहयोग गरी आधुनिक सूचना प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिइनेछ । साक्षरहरुलाई जीवनपर्यन्त शिक्षाको अवसरको व्यवस्था मिलाइनेछ ।

- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय सम्म पुर्याउन, परम्परागत तथा धार्मिक विद्यालयमा कक्षा पूरा गरेका बालबालिकालाई माथिल्लो कक्षा अध्ययनका लागि कार्यक्रम सञ्चालन गरिनेछ । विपन्न, गरिब, अलपसंख्यक, तथा पिछडिएको समुदायलाई शिक्षाको सहज पहुँचमा ल्याइनेछ । शैक्षिक सुधार तथा स्तरोन्नतीका लागि आवश्यक संख्यामा शिक्षकको व्यवस्थापन गरिनेछ ।
- प्रधानाध्यापक, शिक्षक , विधालय कर्मचारी तथा शिक्षा सम्बद्ध व्यक्ति तथा संस्थाहरुको व्यवसायिक क्षमता अभिवृद्धि गरिने छ । शैक्षिक मनोपरामर्शका लागि आवश्यक कार्यक्रम तथा योजना तय गरिने छ ।
- माध्यमिक तथा उच्च तहका कक्षाहरुमा विद्यार्थीको सहज पहुँचका लागि पर्याप्त अवसरको सिर्जना गरिनेछ । कक्षा ९-१२ व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- प्राविधिक शिक्षालाई गुणस्तरीय र व्यवस्थित गर्न आवश्यक कार्यक्रमहरु तय गरिनेछ । बालविकास र कक्षा १-३ मा पठनसीप तथा गणितीयसीप लगायतका जिवनोपयोगी सीप विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- छात्राहरुको विद्यालय शिक्षामा पहुँच र टिकाउका लागि सुरक्षित विद्यालयका साथै अन्य कार्यक्रमहरु सञ्चालन गरिनेछ । कक्षा १० मा अध्ययनरत छात्राहरु लाइ साइकल वितरण गरिने छ ।
- अपाङ्ग, दलित तथा अल्पसंख्यकहरुको शैक्षिक अवसरका लागि विशेष लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यार्थीहरुको अन्तरनिहीत प्रतिभा प्रस्फुटन, नवप्रवर्तन प्रवर्द्धन, खेलकुदमा सहभागिता र प्रोत्साहनका लागि विद्यालयदेखि राष्ट्रियस्तरसम्मका कार्यक्रममा सहभागिता, प्रोत्साहन र अवसरको खोजी गरिनेछ ।
- नरैनापुर गाँउपालिका भित्रका रंगशालाको मर्मत सम्भार तथा व्यवस्थापन गरी नियमित खेल खेल्न वातावरण सिर्जना गरिने छ । सार्वजनिक स्थल चोक तथा क्षेत्रमा वयामशाला निर्माण गरी सबै जनताले आवश्यकता बमोजिम वयाम तथा शारिरिक कसरत गर्न सक्ने छन ।

(२) **स्वास्थ्य**

- स्वास्थ्य सेवामा सर्वब्यापी पहुँचको अवधारणा अनुसार जनतालाई निशुल्क आधारभुत तथा आकास्मिक स्वास्थ्य सेवाको सुनिश्चितता गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकीहरु तथा सामुदायिक इकाईहरुबाट प्रदान गरिदै आएका स्वास्थ्यसेवाहरु लाई थप गुणस्तरीय बनाइेन छ । साथै गाँउपालिका भित्र बसोबास गर्ने गरिब , सिमान्तकृत तथा पिछडिएका समुदाय भएका क्षेत्रहरुमा आवश्यकताका आधारमा स्वास्थ्य सेवाको विस्तार गर्दै लिइने छ । आधारभुत स्वास्थ्य केन्द्रका स्वास्थ संस्था संचालन तथा व्यवस्थापन समितिहरुको जिम्मेवारी लाई थप सुदृढ तथा प्रभावकारी बनाउन आवश्यक पहल गरिने छ ।

- महामारी रोग नियन्त्रण तथा विपद व्यवस्थापन आकास्मिक योजना बनाई कार्यान्वयन गरिने छ साथै विपदका बेलामा आर आर सि तथा आर आर टि टिम बनाइ परिचालन गरिने छ । महामारी रोगको संक्रमण रोकथाम उपचार र नियन्त्रणका लागि प्रदेश र संघीय सरकार संग समन्वय गरी मापदण्ड अनुसारको व्यवस्थापन गरिने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने दर सतप्रतिशत बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको व्यवस्था गरिने छ । साथै सुरक्षित मातृत्व तथा परिवार योजना कार्यक्रमलाइ अझ बढी सुदृढीकरण गर्दै लैजानका लागि मातृ तथा नवजात शिशु तथा परिवार योजना (MNCH/FP) को छुट्टै समिक्षा गर्ने व्यवस्था मिलाइने छ ।
- बिगत वर्ष देखि सञ्चालित जेष्ठ नागरिक ५ बर्ष मुनिका बालबालिकाहरु लाई उपलब्ध गराउदै आएको निशुल्क स्वास्थ्य सेवा कार्यक्रम लाइ निरन्तरता दिइ थप ब्यवस्थित बनाइने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको सेवालाई थप प्रभावकारी बनाउन अर्ध वार्षिक तथा वार्षिक समिक्षा गरी उत्कृष्ट कार्य गर्ने महिला स्वयंसेविकालाइ प्रोत्साहनका लागि आवश्यक व्यवस्था गरिने छ ।
- उच्च रक्तचाप मधुमेह क्यान्सर दम कलेजो मृगौला लगायतका नसर्ने रोगको पहिचान परिक्षण र उपचारका कार्यक्रमहरु प्रदेश र संघीय सरकारसँग समन्वय गरी सञ्चालन गरिने छ ।
- स्वास्थ्यका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानीय राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था साथै दातृ निकायसँग समन्वय गरी स्रोत व्यवस्थापन गरिने छ ।
- सुरक्षित मातृत्व बाल स्वास्थ्य खोप परिवार नियोजन किशोरावस्था लगायतका प्रतिकात्मक, प्रवर्द्धनात्मक , उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्याउने रणनीति अवलम्बन गरिने छ । मानसिक रोग सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ । मानसिक स्वास्थ्यका बिरामीहरुलाइ मनोसामाजिक परामर्श तथा मनोचिकित्सक बाट विशेषज्ञ सेवा उपलब्ध गराइने छ ।
- नरैनापुर गाँउपालिका वडा नं ४ मा निर्माणाधिन १५ सैयाको अस्पताल चालू आर्थिक वर्षमा निर्माण सम्पन्न गरिने छ । अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्तीको व्यवस्था गरिने छ । संघ र प्रदेश सरकार संगको सहकार्यमा उक्त अस्पताल सञ्चालनमा ल्याइने छ ।
- औलो तथा किटजन्य रोग नियन्त्रणका लागि थप जनशक्ती व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्ने र संक्रमित विरामीको दर घटाइ गुणस्तरीय उपचार गरिने छ ।
- नागरिक आरोग्य सेवा केन्द्रलाइ आगामी आर्थिक वर्ष देखि नरैनापुर गाउँपालिका अन्तर्गत आयुर्वेद शाखाको रुपमा आगाडी बढाईने छ ।
- स्वस्थकर जीवन शैली प्रर्वद्धनका लागि गृहणीहरुका लागि भान्सा सुधार जस्ता कार्यक्रमहरु समुदाय स्तरमा गर्ने तथा मानसिक स्वास्थ्यको लागि योग,ध्यान तथा तनाव व्यवस्थापन जस्ता कार्यक्रमहरु गरिने छ। नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि स्क्रिनिंग एवं सामान्य स्वास्थ्य परिक्षण मार्फत आयुर्वेद स्वस्थ जीवन शैलीको पालना गर्दै नसर्ने रोगको न्यूनीकरण अभियान संचालन गरिने छ । विध्यालय योग शिक्षा कार्यक्रम लागु गरिने छ ।

(ख) आर्थिक विकास

(१) कृषि, भूमी ,सहकारी तथा पर्यटन

- नेपालको अथर्तन्त्रको भरपर्दो आधारको रूपमा रहेको कृषि क्षेत्रको उत्पादन/ उत्पादकत्व बढाउन व्यवसायिकरण यान्त्रिकरण, बजारीकरण र आधुनिकिकरण गरी रोजगारी सृजना गरिनेछ, नगदे बाली र बेमौसमी खेति प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- नरैनापुर गाउँपालिकालाई कृषि हबको रुपमा विस्तार गर्न सम्भावनाको आधारमा सहकारी, सामुदायिक तथा निजि फर्म मार्फत परिमाणमा उत्पादन वृद्धि गरिनेछ जसको लागि सिचाई मल, वीउ, प्रविधि र बजारमा पहुँच स्थापित गरिनेछ ।
- **"कृषि र पशुपालनबाट स्वरोजगार समृद्ध नरैनापुर रोजगारीको आधार"** कृषि विकासको लागि पकेट क्षेत्रको पहिचान गरि सबै वडामा व्यवसायिक खेति,नगदे एवं उच्च सम्भावनायुक्त तरकारी तथा फलफुल खेतिलाई प्रोत्साहन गर्दै कृषकलाई उन्नत वीउ,मल,उपकरणको प्रयाप्त व्यवस्था गरिनेछ ।
- व्यवसायिक कृषकहरुको पहिचान,कृषक परिचय पत्र वितरण गरी प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- सिंचाईको अभावमा आकासे पानीको भर पर्नु पर्ने अवस्थाको अन्त्य गर्दै प्रत्येक वडामा सिचाईको उचित प्रवन्ध मिलाईनेछ ।
- जग्गाको चक्लाबन्दी गर्दै ,सामुहिक कृषि कार्यमा यूवालाई उत्प्रेरित तथा कृषिमा रोजगारी सृजना गर्न सबै वडाहरुमा **"गाउँपालिका अध्यक्ष यूवा कृषि कार्यक्रम"** संचालन गरिनेछ ।
- कृषि क्षेत्रको वास्तविक तथ्याङ्क तयार गरी आवश्यकता पहिचान गरिने छ , कृषि तथा सहकारी क्षेत्रको विकासका लागि सूचना प्रविधिको प्रयोगलाइ प्रोत्साहन गरिने छ ।
- सन्तानेश्वर धाम, बाबा बार्फानी लगायत स्थानीय धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण प्रबर्द्धन गरिने छ । स्थानीय मेला, महत्सवको संरक्षण तथा प्रबर्द्धन गरिने छ । नया पर्यटकिय गन्तव्यको खोजी तथा पहिचान मार्फत पर्यटन प्रवर्द्धन गरिने छ ।
- भुमि आयोग सँगको सहकार्यमा पालिका क्षेत्रभित्रका सबै ऐलानी प्रर्ति जग्गालाई रैकर जग्गामा परिणत गर्ने कार्य सम्पन्न गरिने छ । भुमिहिन सुकुम्बासीहरुलाई जग्गाको मालिक बनाउन लालपुर्जा वितरण गरिने छ ।
- पालिका क्षेत्रभित्रको जग्गा वर्गीकरण तथा भुउपयोग योजना कार्यान्वयनमा ल्याइने छ , उक्त योजनाले वर्गीकरण गरेको जग्गाहरुको वर्गीकरण बमोजिम मालपोत निर्धारण हुने छ । कृषि क्षेत्रको जग्गाको चार किल्ला निर्धारण गर्ने कार्य सम्पन्न गरिने छ ।
- कृषि तथा सहकारी क्षेत्रको विकासका लागि छुट्टै क्षेत्रगत रणनीति तयार गरी लागु गरिने छ ।

(२) लघु उद्यम विकास

- सीप विकास, उद्यमशिलता विकास, आय आर्जन तथा स्वरोजगारका कार्यक्रमहरु एकद्वार प्रणाली अन्तरगत उद्यम विकास शाखा मार्फत सञ्चालन हुने नीति अवलम्वन गरिने छ ।उद्यम विकास शाखामा

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता विषय अध्ययन गरी तह-२/TSLC वा तह-३/डिप्लोमा उत्तिर्ण जनशक्तीको व्यवस्थापन गरिनेछ ।

- आर्थिक तथा वित्तिय साक्षरता सम्बन्धी अभिमुखिकरणका कार्यक्रमहरु सञ्चालन गरिने छ । एक वडा एक विशेष उद्योगको अवधारणा अगाडी बढाई विशेष कार्यक्रम सञ्चालन गरिने छ । उद्योग तथा व्यवसायमा महिलाको सहभागिता बढाउनका लागि विशेष कार्यक्रम लागु गरिने छ ।
- लघु घरेलु तथा साना उद्योगको विकास तथा विस्तारका लागि योजना सहितका कार्यक्रमहरु सञ्चालन गरिने छ । हाल पालिका भित्र सञ्चालनमा रहेका उद्योग तथा व्यवसायको क्षमता विकास गर्ने अभिप्रायले माग तथा आवश्यकता आधारमा प्रविधिमा अनुदानका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- उत्कृष्ट व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिने छ ।
- लघु घरेलु तथा साना उद्योग तथा व्यवसायहरुको तथ्यांक संकलनबाट आवश्यकता र समस्याहरुको पहिचान गरी भावी रणनीति तय गरिने छ ।

**(३) रोजगार सेवा केन्द्र**

- आ.व.२०८२/०८३ देखि रोजगार कार्यक्रम सञ्चालन गर्न सामुदायिक आयोजनाहरुमा पालिकाले १००% लागत साझेदारी कायम गरी रोजगारी सृजना कार्यलाई निरन्तरता दिईनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणाली मा बेरोजगारको सुची अद्यावधिक र व्यवस्थित गरिनेछ ।

- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई पालिकाको रोजगार सेवा केन्द्रबाट सहजिकरण गरिनेछ र वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागि वैदेशिक रोजगारीमा जानु पुर्व अभिमुखिकरण तथा अनावस्यक ठगी हुन बाट बच्नका लागी आवश्यक कार्यक्रम गरिनेछ ।

**(४) पशुपालन तथा पशुसेवा**

- गाँउपालिका क्षेत्रभित्र पशुपालन कृषकको तथ्याङ्क संकलन गरिने छ । पशु आहारा विकास कार्यक्रम तथा नश्ल सुधारका लागि कृत्रिम गर्वाधान कार्यक्रम संचालन गरी उत्पादन तथा उत्पादकत्व बढाइनेछ ।
- पशुपालन क्षेत्रको व्यवसायिकरण गर्नको लागि दुग्ध संकलन तथा चिस्यान केन्द्र स्थापना गरिने छ पशुपालक किसानलाई उत्पादित दुग्ध पदार्थमा अनुदान दिइ प्रोत्साहन गरिने छ । बंगुर तथा बाख्रा पालन कार्यक्रम सञ्चालन गरी कृषकलाई लागत साझेदारीमा आधारित अनुदान कार्यक्रममा सहभागी बनाइने छ ।

- पशु स्वास्थ्य नियमन कार्यक्रम र पशु औषधि खोप तथा वीमामा विस्तार गरिनेछ । आधारभूत पशु स्वास्थ्य सेवालाई परिभाषित गरी सबै तहमा रहेका सरकारी पशु स्वास्थ्य सेवा प्रदायकहरूबीच समन्वय गरी निःशुल्क वा सशुल्क सेवा उपलब्ध गराइनेछ ।

- निजीस्तरबाट प्रदान गरिने पशु स्वास्थ्य सेवाको गुणस्तर, सेवा प्रवाहका पद्धति र शुल्क निर्धारणका लागि मापदण्ड लगायतको व्यवस्था गरीने छ । निजी स्तरमा भेटेरिनरी क्लिनिक वा अस्पताल स्थापना तथा संचालनमा निजी पशु चिकित्सक वा व्यवसायीलाई प्रोत्साहित गरिनेछ । सरकारी, गैरसरकारी र निजी क्षेत्रमा कार्यरत पशु चिकित्सक तथा प्राविधिकहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दै सेवा प्रवाहमा दक्षता वृद्धि गरिनेछ ।
- पशु स्वास्थ्य सम्बन्धी परम्परागत ज्ञान, सीप तथा प्रविधिहरुको पहिचान, अभिलेखीकरण, परीक्षण र उपयोगलाई प्रभावकारिताका आधारमा प्रवर्द्धन गरिनेछ । पशु चिकित्सा र प्रयोगशाला सेवाको गुणस्तर सुनिश्चित एवम् नियन्त्रणको लागि आवश्यक पूर्वाधार सहित जनशक्ति व्यवस्थापन गरिनेछ ।
- कृषकहरुबाट माग भए अनुसार विशेषज्ञ भेटेरिनरी सेवाको पहुँच नपुगेको स्थानमा सूचना प्रविधिमा आधारित टेलिभेटेरिनरी मेडिसिन प्रविधि तथा घुम्ती पशु स्वास्थ शिविर जस्ता विधिहरुको प्रयोग गरी विशेषज्ञ भेटेरिनरी सेवाको पहुँच विस्तार गरिनेछ ।
- पशु अस्पताल तथा विज्ञ केन्द्र सँगको सहकार्यमा पशु चिकित्साकिय सेवा उपलब्ध गराइनेछ । पशु चिकित्सालय तथा पशु एम्बुलेन्स सेवाको सम्भाव्यता बारे अध्ययन गरिने छ ।

**(ग) सुशासन तथा सेवा प्रवाह**

- गाँउपालिकाको निर्माणाधिन प्रशासकीय भवन चालु आर्थिक वर्ष भित्र सम्पन्न गरिने छ । भवनलाइ सेवाग्राही मैत्री , नागरिक मैत्री र अपाङ्ग मैत्री बनाउन कार्यालय परिसरमा सेवाग्राही प्रतिक्षालय , सहायता कक्ष निर्माण र लिफ्ट सहितको संरचना निर्माण गरिने छ । सुन्दर र मनमोहक कार्यालय परिसर निर्माण गर्न बगैचा निर्माण गरी विभिन्न प्रजातीका फुलहरु वृक्षारोपण गरिने छ । कार्यालय परिसरलाई हरियालीमय र मिनि बोटनिकल गार्डेनको रुपमा विकास गरिनेछ । सवारी पार्किङ् स्थल , खानेपानीको सुविधा र मनोरञ्जनात्मक सेवा सहितको सेवाग्राही प्रतिक्षालयको निर्माण गरिने छ । सेवा प्रवाह सँग सम्बन्धित गुनासो फर्छ्यौट तथा व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।
- लुम्बिनी प्रदेश सरकारले जारी गरेको स्थानीय सेवा सम्बन्धी ऐन तथा नियमावली बमोजिम यस गाँउपालिकाको लागि आगामी आर्थिक वर्षको सुरुवातमै संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी आवश्यक दरबन्दीको एकिन गरिने छ । स्वीकृत दरबन्दी संचरनामा मात्र जनशक्ति पदपुर्ति गरी संगठन चुस्त र प्रभावकारी बनाइ सेवा प्रवाहमा प्रभावकारिता ल्याइने छ । यस बाट चालू खर्च बाञ्छित सीमा भित्र रहने र स्रोत उत्पादनमुलक क्षेत्रमा परिचालन गर्न टेवा पुग्ने विश्वास लिएको छु ।

- वडा कार्यालयहरुको भवन मर्मत सम्भार तथा पुनर्निर्माण गरीने छ । आवश्यक्ता अनुसार जनशक्ती पदपुर्ति गरिने छ । वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवालाइ सुशासनयुक्त बनाइने छ । आगामी आर्थिक वर्षभित्र सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिने छ । पालिकाको नीति, योजना ,कार्यक्रम सम्बन्धमा वडा तथा बस्तीस्तरमा नियमित सार्वजनिक सुनुवाइहरु संचालन गरी प्राप्त पृष्ठपोषण लाई आगामी दिनमा नीति तर्जुमा तथा कार्यसम्पादनको इनपुटको रुपमा लिइने छ । आवश्यकता अनुसार सार्वजनिक परिक्षण, सामाजिक परिक्षण , तेस्रो पक्ष मुल्याङ्कन जस्ता सुशासनका औजारहरुको प्रयोग तथा पालना गरिने छ । LIZA, FRA लगायत मुल्याङ्कनका परिसूचकहरुमा उच्च अङ्क प्राप्त गर्ने गरी कार्यसम्पादन गरिने छ ।

**(घ) सूचना तथा संचार प्रविधि**

- सबै गाउँपालिका, वडा कार्यालयमा सूचना प्रविधिको सहज पहुँच स्थापना गरिने छ
- सरकारी कामकाजको सिलसिलामा सिर्जित सबै डिजिटल डाटा सुरक्षित राख्न र दुरुपयोग रोक्न साइवर सुरक्षा तथा डाटा सुरक्षामा विशेष ध्यान दिइने छ । कर्मचारी, जनप्रतिनिधि र स्थानीयवासीलाई कम्प्युटर र इन्टरनेट सम्बन्धी समुदायस्तरमा डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।
- कार्यालयको कामलाई Paperless ,faceless बनाउदै office automation र डिजिटल पालिका निर्माण गर्न E-governance policy तर्जुमा गरी लागु गरिने छ । यस बाट सेवा प्रवाहमा हुने अनुचित गतिविधि र ढिलासुस्तीमा कमी आउने विश्वास लिएको छु ।
- स्थानीय स्तरमा आमसञ्चार सम्बन्धी छुट्टै नीति तर्जुमा गरी लागु गरिने छ ।

**(ङ) योजना अनुगमन तथा मुल्याङ्कन**

- मागमा आधारित योजना तर्जुमा प्रक्रियालाई अवलम्बन गरिने छ । आयोजनालाइ लागत अनुमानको आधारमा पालिका गौरवका आयोजना, पालिकास्तरिय आयोजना र वडास्तरिय आयोजना गरी वर्गीकरण गरिने छ । सो सम्बन्धी कार्यविधि तर्जुमा गरी व्यवस्थित गरिने छ ।
- आगामी आर्थिक वर्षदेखि पालिका आयोजना बैंक सञ्चालनमा ल्याइने छ जसको कार्यान्वयन पश्चात योजना खल्तीबाट विनियोजन हुने , हचुवाको भरमा र टुक्रे योजना विनियोजन हुने समस्या समाधान भइ आवश्यकता र औचित्यका आधारमा छनौट हुने र छनौट भएका आयोजना/योजनाहरु लाई निर्वाध रुपमा कार्यान्वयन गर्न सकिने छ ।

- आगामी आर्थिक वर्षमा गाँउपालिकाको प्रथम पञ्चवर्षिय आवधिक योजना तर्जुमा गरी लागू गरिने छ । वार्षिक बजेट र आवधिक योजनामा तादम्यता ल्याउन मध्यकालिन खर्च संचरना निर्माण गरी लागू गरिने छ ।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई बस्तुनिष्ठ , प्रभावकारी र सर्वपक्षिय ( ३६० डिग्री ) बनाइने छ ।

**(च) न्यायिक समिति**

- न्यायिक प्रक्रियालाइ प्राकृतिक न्यायको सिद्धान्तको मान्यताका आधारमा सम्पादन गरिने छ । मुद्धा फर्छ्यौट दरलाइ सत प्रतिशत कायम गरिने छ । न्यायिक समितिका रहेको जनशक्ती अभाव परिपूर्ति गरिने छ । वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालन गरिने छ ।
- मौजुदा जनशक्ती तथा मेलमिलाप कर्तालाइ मध्यस्थता तथा न्याय सम्पादन सम्बन्धी क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गरिने छ । निशुल्क कानूनी सहायता कक्ष स्थापना गरी निशुल्क कानूनी परामर्श सेवा उपलब्ध गराइने छ ।

**(छ) भौतिक पूर्वाधार विकास**

- नरैनापुर गाँउपालिका भित्रका सबै बस्तीहरुलाइ सडक सञ्जालको पहुँचमा ल्याइने छ । आगामी आर्थिक वर्षभित्र पालिकास्तरिय सडक पूर्वाधार गुरुयोजना तर्जुमा गरी लागु गरिने छ । सो पश्चात सडक पूर्वाधारको विकास तथा विस्तारमा गुणात्मक र परिमाणात्मक परिवर्तन हुने अपेक्षा लिएको छु ।
- पालिका स्तरिय सडकहरु कालोपत्रे गर्ने कार्य यसै बर्ष देखि सुरु गरिने छ । हुलाकी सडक देखि गंगापुर स्वास्थ्य चौकी जाने बाटो कालोपत्रे सम्पन्न गरिने छ । प्रशासकीय भवन देखि हुलाकी सडक सम्म, हुलाकी सडक देखि आर्दश मावी सम्म जाने बाटो कालो पत्रे गरिने छ । रोशनपूर्वा गाँउदेखि हुलाकी सडक सम्म बाटो कालोपत्रे गरिने छ । हुलाकी सडक देखि मतेनिया सम्म , हुलाकी सडक देखि मोतिपुर जाने सडक कालोपत्रे सम्पन्न गरिने छ ।
- पालिका भित्रका सबै सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नती गरिने छ । आदर्श मावी नरैनापुर २ को निर्माणाधिन भवन सम्पन्न गरिने छ । सबै बिद्यालयमा खानेपानी तथा शौचालय निर्माण गरिने छ ।
- पालिक भित्रका अदक्ष र अर्धदक्ष सिकर्मी कामदारहरुलाइ निर्माण सम्बन्धी प्राविधिक सीप तालिम सञ्चालन गरी दक्ष बनाइने छ । दक्ष कामदारबाट निर्मित संरचना बलियो र बिपत प्रतिरोधी हुने अपेक्षा लिएको छु ।

- गाँउपालिकाबाट सम्पन्न हुने सबै योजनाहरुको गुणस्तर सुनिश्चित गर्न प्रयोगशाला परिक्षण अनिवार्य गर्नुपर्ने व्यवस्था गरेको छु । फिल्डमा खटिई काम गर्ने प्राविधिक कर्मचारीलाई प्रोत्साहन गरिने छ ।

**(ज) विपद व्यवस्थापन, वातावरण तथा फोहोरमैला**

- स्थानीय विपत व्यवस्थापन कोष लाई प्रभावकारी रुपमा परिचालन गरिने छ । स्थानिय स्तरमा हुने सम्भावित विपतको पूर्वानुमान , तयारी ,प्रतिकार्य, पुर्नस्थापना राहत वितरणलाई प्रभावकारी बनाइने छ । विपत प्रतिकार्य तथा उद्धारमा स्थानीय सुरक्षा निकायसँग सहकार्य गरिने छ । राहत तथा पुर्नस्थापना कार्य गैसस संग समन्वय गरिने छ । दमकल , एम्बुलेन्स लगायत स्रोतसाधन लाई तयारी अवस्थामा राखिने गरी प्रवन्ध गरिने छ ।
- विकास र वातावरणको अन्तरसम्बन्धलाई खलल नपुग्ने गरी संगसंगै सञ्चालन गरिने छ । विकास आयोजना सञ्चालन गर्नुपूर्व अनिवार्य वातावरणिय प्रभाव मुल्याङ्कन EIA/IEE/ गर्नुपर्ने व्यवस्थापन गरिने छ ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरी फोहोरमैला संकलन , विसर्जन , तथा पुर्नप्रयोग गर्ने कार्यलाइ व्यवस्थित गरिने छ ।

अन्तमा, नरैनापुर गाँउपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्न अहोरात्र खट्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधी, राय सुझाव दिनुहुने बुद्धिजिवी, विकासप्रेमी, सञ्चारकर्मी, सुरक्षा निकाय लगायत सरोकारवाला सबैमा हार्दिक आभार एवं धन्यवाद प्रकट गर्दछु । नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैको रचनात्मक सुझावको अपेक्षा गरेको छु ।

इस्तियाक अहमद शाह

अध्यक्ष

नरैनापुर गाँउपालिका , नरैनापुर बाँके ।